April 21st, 2025 Monday

## National News

प्रमुख समाचार:

१. अमेरिकी उपराष्ट्रपति जेडी भान्स चार दिने भारत भ्रमणका क्रममा नयाँ दिल्ली आइपुग्नुभयो

२. सिविल सेवकहरूलाई देशका युवा, किसान र महिलाको आकांक्षा पूरा गर्न असाधारण गतिमा काम गर्न प्रधानमन्त्री नरेन्द्र मोदीको आग्रह

३. झारखण्डको बोकारो जिल्लामा सुरक्षा बलहरूसँगको भिडन्तमा आठ नक्सलवादी मारिएको पुष्टि

४. लामो समयको बिमारीपछि पोप फ्रान्सिसको निधन

५. आईपीएल क्रिकेटमा आज साँझ कोलकाता नाइट राइडर्स र गुजरात टाइटन्सबीच भीडन्त हुँदै

### १. US VP India Visit

अमेरिकी उपराष्ट्रपति जेम्स डेभिड भान्स भारतको चार दिने भ्रमणमा आज नयाँ दिल्ली आइपुग्नुभएको छ । उहाँको साथमा उहाँकी धर्मपत्नी उषा भान्स र अमेरिकी प्रशासनका उच्च अधिकारी पनि हुनुहुन्छ। उहाँले आज साँझ प्रधानमन्त्री नरेन्द्र मोदीसँग भेट गर्नु हुनेछ। उपराष्ट्रपति भान्सले आज अक्षरधाम मन्दिरको दर्शन गर्नुभयो। भ्रमणका क्रममा उहाँको जयपुर र आगरा जाने पनि कार्यक्रम छ ।

### २. PM Civil Service Day

प्रधानमन्त्री नरेन्द्र मोदीले भन्नुभएको छ, पछिल्ला दश वर्षहरूमा भारतले प्रभावशाली परिवर्तनहरू देखेको छ र देशमा समग्र विकास सुनिश्चित गरेको छ। समग्र विकासको अर्थ, प्रत्येक बच्चालाई गुणस्तरीय शिक्षा , प्रत्येक उद्यमीलाई वित्तीय पहुँच र प्रत्येक गाउँलाई डिजिटल अर्थव्यवस्थाका लाभहरू प्रदान गर्नु हो । नयाँ दिल्लीमा सत्रौं सिविल सेवा दिवसको अवसरमा सिविल सेवकहरूलाई सम्बोधन गर्दै उहाँले सो कुरा भन्नुभएको हो। उहाँले देशका युवा, किसान र महिलाको आकांक्षा पूरा गर्न असाधारण गतिमा काम गर्नुपर्नेमा जोड दिनुभयो।

श्री मोदीले भारतले प्रशासन, पारदर्शिता र नवाचारमा नयाँ मापदण्डहरू स्थापित गरिरहेको पनि बताउनुभयो। यस अवसरमा प्रधानमन्त्री मोदीले सिविल सेवकहरूलाई जिल्लाको समग्र विकास, आकांक्षी ब्लक कार्यक्रम र नवाचारका श्रेणीहरूमा लोक प्रशासनमा उत्कृष्टताका लागि प्रधानमन्त्री पुरस्कार प्रदान गर्नुभयो। उहाँले दुइवटा ई-बुक पनि जारी गर्नुभयो। राष्ट्रपति द्रौपदी मुर्मुले सिविल सेवा दिवसका अवसरमा सबै सिविल सेवकलाई बधाई दिनुभएको छ । एक सामाजिक सञ्जाल पोस्टमा, उहाँले राष्ट्रको महत्वाकांक्षी लक्ष्यहरू प्राप्त गर्न र प्रभावकारी शासनमा नयाँ मापदण्डहरू स्थापना गर्न सिविल सेवकहरूले महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो।

## ३. PM Saudi Arabia

प्रधानमन्त्री नरेन्द्र मोदी भोलि जेद्दा जानु हुनेछ । चार दशकमा साउदी अरबको व्यापारिक केन्द्रमा कुनै भारतीय नेताको यो पहिलो भ्रमण हुनेछ। भ्रमणका क्रममा प्रधानमन्त्रीले एउटा कारखानाको भ्रमण गर्नुका साथै त्यहाँ रहेका भारतीय कामदारसँग अन्तरक्रिया गर्नु हुनेछ ।

## ४. SC Waqf West Bengal

सर्वोच्च अदालतले आज वक्फ संशोधन ऐनलाई लिएर मुर्शिदाबादमा भएको हिंसाका कारण पश्चिम बंगालमा अर्धसैनिक बलहरू तैनाथ गर्न माग गर्ने याचिका खारेज गरेको छ। याचिकाकर्ताले यथाशीघ्र अर्धसैनिक बल तैनाथ गर्न र संविधानको धारा ३५५ को कार्यान्वयन गर्न माग गरेका थिए।

## ५. BJP – Murshidabad

केन्द्रिय शिक्षा राज्य मन्त्री एवं पश्चिम बंगाल भाजपा अध्यक्ष डा. सुकान्त मजूमदारले आज पश्चिम बंगालको मुर्शिदाबाद जिल्लाको शमशेरगंजको भ्रमण गर्नुभयो। यस जिल्लाका गाउँहरू वक्फ संशोधन ऐनसम्बन्धी हिंसाबाट प्रभावित भएका थिए। डा मजूमदारले ग्रामीणहरूलाई क्षेत्रमा सीमा सुरक्षा बलको शिविर लगाउने आश्वासन दिनुभयो।

## ६. Jharkhand Naxal

झारखण्डको बोकारोको लुगु पहाडी क्षेत्रमा आज प्रहरी र अर्धसैनिक बलहरूसँगको भिडन्तमा आठ नक्सलवादी मारिएका छन्। झारखण्डका प्रहरी महानिर्देशक अनुराग गुप्ताले आकाशवाणी समाचारलाई जानकारी दिनुभए अनुसार सुरक्षा बलहरूले अहिलेसम्म आठ माओवादीको शव फेला पारेको छ। भिडन्त स्थलबाट ठूलो संख्यामा हतियार र गोलाबारुद पनि बरामद गरिएको छ । यो भिडन्त करिब दुई घण्टासम्म चलेको थियो।

## 7. BJP Rahul Gandhi

भारतीय जनता पार्टीले कांग्रेस नेता राहुल गान्धीले आफ्नो अमेरिका भ्रमणका क्रममा निर्वाचन आयोगविरुद्ध गरेको टिप्पणीलाई लिएर भारतीय लोकतन्त्रको बदनाम गरेको आरोप लगाएको छ। पार्टीका प्रवक्ता सम्बित पात्राले आज नयाँ दिल्लीमा सञ्चारकर्मीलाई भारतमा स्वतन्त्र र निष्पक्ष निर्वाचन प्रणाली छ भन्दै  नेशनल हेराल्ड मुद्दामा कथित भ्रष्टाचारको मुद्दामा कांग्रेसको आलोचना पनि गर्नुभयो।

## 8. Pope Franscis

रोमन क्याथोलिक चर्चका नेता पोप फ्रान्सिसको आज भ्याटिकन सिटीमा निधन भएको छ । उहाँ ८८ वर्षको हुनुहुन्थ्यो । उहाँ पछिल्ला केही सातादेखि बिरामी हुनुहुन्थ्यो । पोप फ्रान्सिस पहिलो ल्याटिन अमेरिकी पोप हुनुहुन्थ्यो। पोप फ्रान्सिसको निधनप्रति विश्वभरका विश्व नेताहरूले गहिरो दुःख व्यक्त गरेका छन् र हार्दिक श्रद्धाञ्जली अर्पण गरेका छन्। प्रधानमन्त्री नरेन्द्र मोदीले पोप फ्रान्सिसको निधनमा शोक व्यक्त गर्दै विश्वका क्याथोलिक समुदायप्रति समवेदना व्यक्त गर्नुभएको छ। एक सामाजिक सञ्जाल पोस्टमा, श्री मोदीले पोप फ्रान्सिसलाई दया, नम्रता र आध्यात्मिक साहसको प्रतीकका रूपमा संसारभरका लाखौं मानिसहरूले सधैं सम्झिरहने बताउनुभयो। श्री मोदीले पोप फ्रान्सिससँगको आफ्नो भेटलाई स्मरण गर्दै उहाँको समर्पणबाट आफू निकै प्रेरित भएको पनि उल्लेख गर्नुभएको छ।

## 9. EPFO Members

कर्मचारी सञ्चय कोष सङ्गठन (EPFO) ले यस वर्षको फेब्रुअरी महिनामा कुल १६ लाख १० हजार सदस्य वृद्धि गरेको छ। यो सन् २०२४ को फेब्रुअरीको तुलनामा झण्डै ४ प्रतिशतले वृद्धि हो। श्रम तथा रोजगार मन्त्रालयले यस वृद्धिको श्रेय रोजगारीका अवसरहरू, कर्मचारीको फाइदाप्रति बढ्दो चेतना र कर्मचारी सञ्चय कोष सङ्गठनका प्रभावकारी जनसम्पर्क पहलहरूलाई दिएको छ।

## 10.Sports News

आईपीएल टी-२० क्रिकेट प्रतियोगितामा आज कोलकाता नाइट राइडर्स र गुजरात टाइटन्सबीच अहिले साढे सात बजेदेखि इडेन गार्डेनमा प्रतिस्पर्धा हुँदैछ। सात म्याचहरूमा पाँचवटा जीतका साथ गुजरात टाइटन्स १० अंक लिएर अंक तालिकामा शीर्ष स्थानमा छ। उता कोलकाता नाइट राइडर्स तीन जीत र चार पराजयका साथ अंक तालिकामा सातौं स्थानमा रहेको छ। यसैबीच पेरुको लिमामा जारी ISSF सुटिङ विश्वकपमा भारतका रुद्राक्ष पाटिल र आर्य बोर्सेले १० मिटर एयर राइफल मिक्स्ड टिम इभेन्टमा रजत पदक जितेका छन् । हिजो भएको फाइनलमा रुद्राक्ष र आर्यको जोडी नर्वेका जोन हर्मन हेग र जेनेट हेग ड्युस्टाडसँग पराजित भएको थियो । प्रतियोगितामा भारतको यो तेस्रो रजत पदक हो। भारतले अहिलेसम्म दुई स्वर्ण, तीन रजत र एक कास्यसहित ६ पदक जितेको छ। पदकतालिकामा चीन र अमेरिकापछि भारत तेस्रो स्थानमा छ ।